# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## बडीकेदार गाउँपालिका
## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)


प.सः २०७८।७९
च.नः ११८ मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
बडीकेदार गाउँपालिका, डोटी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

***बोधार्थः***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः २०७८।७९
च.नं. ११९ मितिः २०७८।०५।०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बडीकेदार गाउँपालिका, डोटी ।

**कैफियत सहितको राय**

हामीले बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ४ करोड १४ लाख २९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु.८८ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ११ लाख ६० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४१ लाख ८६ हजार र म्याद नाघेको पेश्की बाँकी रु ७२ लाख ३५ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना (३६) छत्तीस यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम. सी.)
नायब महालेखापरीक्षक

# बडिकेदार गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ३२५ वर्ग किलोमिटर क्षेत्रफल तथा १६७५१ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ०.२५ | १ | **चालु खर्च** | १८२२२९५०६.० | १८२२२९५०६.० |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | ९९३४८४०४.२६ | ९९३४८४०४.२६ |
| | ख) बैंक | ०.२५ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ५५०७८८४३.७६ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३७८६२०१.११ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ५१२९२६४२.६५ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ० | | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | २३७०११००० | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ७६८००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १६०२११००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | ० | ० |
| | घ) विशेष अनुदान | ० | | ६ | **शसर्त अनुदान फिर्ता** | १२८०३८९९.०० | १२८०३८९९.०० |
| ४ | **वित्तीय हस्तान्तरण प्रदेश** | | ११०६३००० | ७ | **मौज्दात** | | ११८२९५३४.५० |
| | क) वित्तीय समानीकरण अनुदान | ६८०३००० | | | क) बैंक मौज्दात | ११४६७०३४.५० | |
| | ख) सशर्त अनुदान | १२६०००० | | | ख) नगद मौज्दात | ० | ० |
| | ग) समपुरक अनुदान | ० | | ८ | **धरौट मौज्दात** | ३६२५००.०० | |
| | घ) विशेष अनुदान | ३०००००० | | ९ | **कोष खाताको मौज्दात** | ० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **अन्य** | ४२०००० | ४२०००० | | | | |
| ७ | **धरौटी आय** | ३६२५०० | ३६२५०० | | | | |
| ८ | **अन्य विविध आय** | २२७६००० | २२७६००० | | | | |
| | **जम्मा** | ३०६२११३४४.०१ | ३०६२११३४४.०१ | | **जम्मा** | ३०६२११३४४.०१ | ३०६२११३४४.०१ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>• वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>
• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन ।<br>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैङ्क हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेकोले बैङ्क र स्रेस्ता अनुसारको मौज्दातमा रू १८ लाख ३६ हजार ९०० फरक परेको पाइयो । हिसाव मिलान गर्नु पर्ने रू.
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td></td><td>संचित कोष खाता</td><td>११४६७०३४.५०</td><td>९४२६०३४.५०</td><td></td></tr>
<tr><td></td><td>चालु खर्च खाता</td><td>०</td><td>१२२०००.००</td><td></td></tr>
<tr><td></td><td>पूँजीगत खर्च खाता</td><td>०</td><td>८२१००.००</td><td></td></tr>
<tr><td></td><td>धरौटी खाता</td><td>३६२५००.००</td><td>३६२५००.००</td><td></td></tr>
<tr><td></td><td></td><td>११८२९५३४.५</td><td>९९९२६३४.५</td><td>१८३६९००.००</td></tr>
</table></td><td>१८३६९००.००</td></tr>
<tr><td></td><td>• आर्थिक कारोबार –</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>
• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री इन्द्रा बोहरा भाटले मिति २०७६।३।१० गते रू. ३२ करोड ५ लाख ५५ हजारको को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहको प्रमुखले २०७६।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **चौमासिक खर्चः** स्वीकृत कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गर्नु पर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

(रू. हजारमा)

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | अषाढ महिनाको |
| १ | चालु खर्चतर्फ | १८२२२८ | ३८०१७ | ४४५०४ | ९९७०७ | ५९८८६ |
| २ | पूँजिगत खर्चतर्फ | ९७२६१ | ८६२१ | ३३९८ | ८५२४२ | ५०४५१ |
| | जम्मा | २७९४८९ | ४६६३८ | ४७९०२ | १८४९४९ | ११०३३७ |
| | **प्रतिशत** | | **१६.६९** | **१७.१४** | **६६.१७** | **३९.४८** |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.२७ करोड ९४ लाख ८९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ४ करोड ६६ लाख ३८ हजार अर्थात १६.६९ प्रतिशत, दोश्रो चौमासिकमा रू. ४ करोड ७९ लाख २ हजार, अर्थात १७.१४ प्रतिशत र तेश्रो चौमासिकमा रू. १८ करोड ४९ लख ४९ हजार , अर्थात ६६.१७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. ११ करोड ३ लाख ३७ हजार अर्थात ३९.४८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** पालिकाबाट विवरण अनुसार क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ५६३२६ | २८५८३ | १०% |
| २ | पूर्वाधार विकास | १७७१३६ | १५७७८२ | ५३% |
| ३ | सामाजिक विकास | ३१७९४ | २२३१८ | ८% |
| ४ | बातावरण तथा विकास | ३०० | २८० | १% |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०५७४८ | ८७२५५ | २९% |
| | **जम्मा** | | | १००% |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ५३ प्रतिशत र सबै भन्दा कम वातवरण तथा विकासमा १ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी बजेटलाई आवधिक योजना र दिगो विकास लक्ष्य अन्तर्गतको सूचकहरुमा आधारित बनाउनु पर्दछ । | |
| ११. | **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तरका ११२ योजनाको चौमासिक प्रगति विवरण देहाय अनुसार छ ।पालिकाबाट संचालिन ११२ कार्यक्रम मध्ये ७२ कार्यक्रमको प्रगति ५० प्रतिशत भन्दा न्यून रहेको देखियो ।चौमासिक कार्य प्रगतिको आवधिक समिक्षा गरी प्रगतिको अनुगमन गर्नुपर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ४२ | ५ | १० | १२ | १५ |
| सहायक कार्यक्रम | ७० | ५ | १५ | २५ | २५ |
| जम्मा | ११२ | १० | २५ | ३७ | ४० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १२. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखी रू. १३४९१७८२।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक सहायक सब ईन्जीनियर स्वास्थ्य सेवाका विभिन्न पदमा करार सेवामा लिईएको छ । | |
| १४. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को बुदा न. ७.१.४ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराएर मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.१.४ (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष सभा सञ्चालनमा सहयोग गरे वापत १ महिनाको तलब बराबरको थप प्रोत्साहन भत्ता रू. ५२१४८८।०० खर्च गरेको छ । कानूनको पालना गर्नु पर्दछ । | |
| १५. | **तलबी प्रतिबेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको शुरु तलव प्रदेश सरकारले तोके बमोजिम र त्यसरी नतोके सम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १६. | **वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।रिक्त दरवन्दी पद पुर्ति गरी वडा प्रशासनलाई प्रभावकारी बनाउनु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ४ | १ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७. | **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १२ ऐन, ४ नियमावली र १३ कार्यविधि, १ नीति, ३ निर्देशिका, १ आचार संहिता र १ कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ११२८ |
| मृत्युदर्ता | ८७ |
| बसाईसराई दर्ता | ५१९ |
| विवाह दर्ता | १३३ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | १० कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा गाउँपालिकाले | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ४७ | ३७ | ५५ | १५ | ८ | १६२ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. १० लाख भन्दा बढीको ८ योजना संचालन गरेकोमा रू.१ लाख भन्दा मुनिका मात्र ४७ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १९. | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| २०. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ४ वटा नियमावली, १३ कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| २१. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष १० वटा विवाद दर्ता भएकोमा १० फछ्यौंट भएको देखिन्छ । | |
| २२. | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २३. | **पदाधिकारी सुविधा** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार सुदुरपश्चिम प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसुचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले श्रावण देखि असोज सम्मको पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा रू. ८५८०००।०० खर्च लेखेको देखिन्छ । | |
| २४. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रू. ४८२१५००.०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य १५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १८०० | १८००० | ९०००० | ८१००० | ५५५०० | २६२५०० |
| २ | यातायात खर्च | 0 | 0 | 0 | 0 | 0 | ० |
| ३ | टेलिफोन,मोबाइल | ५४०० | ४५००० | १५७५०० | १८९००० | २७००० | ७१५५०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४५०० | ४०५०० | १८०००० | १८९००० | २७००० | ७२४५०० |
| ५ | समन्वय तथा सहजीकरण | ८१०० | ६३००० | २७०००० | ३१५००० | ४०५०० | ११३४०० ० |
| ६ | अतिथि सत्कार | ९००० | ८१००० | ३१५००० | ० | ० | ४८६००० |
| ७ | खानेपानी/बिजुली/सरसफाई | ३१५०० | २७००० | ९०००० | १२६००० | १३५०० | ४०९५०० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १६००० | ६३००० | १०५०० | २३१५०० |
| ९ | पारिश्रमिक श्रावण देखि असोज | ९००० | ७५००० | ३००००० | १६८००० | २२५०० | ८५८००० |
| | **जम्मा** | ४३४५० | ३७२००० | १४१८५०० | ११३१००० | १४६५५० | ४८२१५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | **बजेट भाषण पारीश्रमिक तथा प्रोत्साहनः** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क), १(ख), १(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था गरेको छ । तर पालिकाले निम्न पदाधिकारीहरुले बजेट भाषण वापतको पारिश्रमिक भुक्तानी गर्नुका साथै प्रत्येक कर्मचारीलाई जनही रु ५०००।०० का दरले प्रोत्साहन समेत उपलव्ध गरेको देखियो । कानूनमा व्यवस्था नभएको प्रदान गरिएको उक्त सुविधा सम्बन्धितहरुबाट एकिन गरी असुल हुनु पर्ने रू. | ३५०००.० |

| क स | पदाधिकारी | भुक्तानी रकम |
|---|---|---|
| १ | अध्यक्ष | २००००.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २ | उपाध्यक्ष | १५०००.०० |
| जम्मा | | ३५०००.० |

२६. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रू. १०००००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२७. **अन्य कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार निम्नानुसार रू ११ लाख ४८ हजार खर्च गरेको देखियो । जसले गर्दा पालिकाको खर्च मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिएकोले आवश्यक नियन्त्रण कायम गर्नुपर्दछ ।

| क स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय विपी नगर | मसिक ५० लिटर ईन्धन सुविधा | ६१२००.०० |
| २ | अस्थाई प्रहरी कार्यालय खड्चौली | मसिक २० लिटर ईन्धन सुविधा | २४४८०.०० |
| | अस्थाई प्रहरी चौकी खड्चौली | सोलार हस्तान्तरण | |
| | अस्थाई प्रहरी चौकी खड्चौली | विविध खर्च | १००००.०० |
| | अस्थाई प्रहरी चौकी खड्चौली | मासिक घरभाडा भुक्तानी | १८६०००.०० |
| ३ | प्रहरी चौकी घाघल | मसिक १५ लिटर ईन्धन सुविधा | १८३६०.०० |
| ४ | ईलका प्रहरी कार्यालय विपी नगरी | पार्कीङ् स्थल निर्माण | ७३३५०.०० |
| ५ | केदार ज्योती बहुमुखी क्याम्पस | अनुदान सहयोग | २८९९१३.०० |
| ६ | सुनौलो विहानी बहु उद्देश्यीय सहकारी भवन निर्माण उ स | भवन निर्माण | ५६९९११.०० |
| | बढीकेदार सांस्कृतिक प्रतिष्ठानलाई अनुदान | मेला व्यवस्थापन | १८७०००.०० |
| | जम्मा | | ११४७५३४.०० |

२८. **मन्दिर निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न १० वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ३४ लाख ७८ हजार ७३०।०० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल गाउँपालिकाको पुँजिगत बजेटको ६ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई गाउँपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।

- **अनुदान फिर्ता, वितरण र उपयोग**

२९. **विशेष अनुदान** - प्रदेश सरकार र अन्तर्गतका मन्त्रालयहरुले विभिन्न मितिमा स्थानीय तहमा अख्तियारी प्रदान भई अनुदान रकम असार मसान्तसम्मको खर्च र फिर्ताको विवरण निम्नानुसार छन् ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १३६०८७०००.० | १२४०७१४०५.० | १२०१५५९५.० | ० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश सरकार | शसर्त | १२६००००.० | ११९२१८०.० | ६७८२०.० | ० |
| | विषेश | ३००००००.० | ३००००००.० | ० | ० |
| | **जम्मा** | १४०३४७०००.० | १२८२६३५८५.० | १२०८३४१५.० | |

३०. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान दिएको छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३१. **अनुगमन प्रतिवेदनः** विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपम लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार योजनाहरु संघ तथा प्रदेश विशेष अनुदान अन्तर्गत संचालन भएकोमा कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । प्राप्त अनुदान रकमको प्रभावकारी अनुगमन गरी लक्षित प्रतिफल हासिल गर्ने तर्फ केन्द्रित हुनु पर्दछ ।

| क्र.स | प्रदेश विशेष अनुदान अन्तर्गतका योजनाहरु | भुक्तानी रकम |
|---|---|---|
| १ | नेटाखान गर्वुजा सडेकखान कृषि सडक | २८३९५००.०० |

३२. **एफ एम संचालानार्थ अनुदानः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा १०० वाट सम्मको स्थानीय एफ एम संचालन अनुमति नविकरण नियमन तथा खारेजीको अधिकार प्रदेश कानून बमोजिम स्थानीय तहलाई हुने व्यवस्था उल्लेख छ । त्यसै गरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१ मा बजेटमा समावेश गरी कुनै निकायलाई आर्थिक अनुदान दिदा लक्ष्य कार्यक्रम र लागत अनुमान र कुन नियमबाट दिने स्पष्ठ खुलाई पेश गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ५ मा अनुदानबाट संचालित कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन समेत गर्ने पर्ने व्यवस्था छ । पालिकाले सञ्चार विकास नेपाल बडिकेदार डोटी लाई एफ एम संचालन गर्ने यो वर्ष रु १५ लाख अनुदान प्रदान गरेको छ । प्रदेश कानून नबनिसकेको अवस्थामा गैर सरकारी संस्थालाई सोझै अनुदान दिने कार्यको बैधानिक आधार देखिदैन । पालिका र उक्त गैर सरकारी संस्था वीच भएको सम्झौतामा पालिकाको सूचना तथा सन्देश निशुल्क प्रशारण गर्नु पर्ने उल्लेख छ । निशुल्क सूचना तथा सन्देश प्रशारणको लागि रु १५ लाखको लगानी सान्दर्भिक देखिदैन । पालिकाको आफ्नो आन्तरिक वित्तीय आधार कम्जोर रहेको अवस्थामा संघीय तथा प्रदेश समानिकरण अनुदानबाट विशिष्ठ कार्यक्रम तथा लक्ष्य नतोकी नाफामूलक गैर सरकारी संस्थालाई विना कानूनी आधार भुक्तानी गरेको अनुदान फिर्ता असुल हुनु पर्ने रू. — १५०००००.००

- **खरिद व्यवस्थापन**

३३. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू. १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रू १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. ९ करोड ९३ लाख ४८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३४. | **खरिद तयारीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदको निर्णय गर्नु पूर्व खरिदको आवश्यकता पहिचान गर्ने, खरिद सम्बन्धी विभिन्न प्राविधिक समस्याहरु पहिचान गरी समाधान गर्ने लगायतका कामहरु गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष वडा न ४ को भवन निर्माणको लागि रु ७०४५३१५।०० को लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट निर्माण व्यवसायी अनमोल निर्माण सेवा सँग रु ५७०२७२९।९५ मा मिति २०७७।७।२१ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा वडाको केन्द्र कहाँ रहने सम्बन्धी निक्यौंल नभई सकेकोले लेखापरीक्षण अवधि भित्र काम शुरु हुन सकेको छैन ।२०७८।१।२० सम्म म्याद थप भएकोमा मिति २०७७।१२।३० सम्म कार्य शुरु नभएको अवस्थाले गर्दा पुनः म्याद थप गर्नु पर्ने अवस्था विद्यमान छ ।खरिद पूर्व तयारी गर्दा पर्याप्त गृहकार्य नभई खरिद प्रक्रीया शुरु गर्दा लामो समय सम्म काम शुरु समेत हुन नसकेको अवस्था छ । निर्माण व्यावसायीले पछी मूल्य वृद्दि समेत माग गर्न सक्ने अवस्थालाई समेत मध्ये नजर गरी कार्यालयले यथासिघ्र खरिद कार्यलाई टुंगो लगाउनु पर्छ । | |
| ३५. | **खरिद सम्झौताको कार्यान्वयनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि भित्र भई काम सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीले भर मग्दुर प्रयास गरेको र काबु बाहिरको परिस्थितिको कारणले काम गर्न ढिलाई भएको हुनु पर्ने व्यवस्था छ । त्यसरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद सम्झौता गरेका निम्नानुसार निर्माण व्यावसायीहरु सँगको खरिद सम्झौताको अवधि थप गरेकोमा नियमावलीको उल्लिखित अवस्था विद्यमान रहेको पुष्टि हुदैन । सम्झौताको अवधि भित्र निर्माण कार्य शुरु सम्म नगरेका निर्माण व्यवसायीहरुको सम्झौताको अवधि पुनः ६ महिना म्याद थप गरेको छ ।म्याद थप गरेको अवधिको ५ महिना व्यतित हुदा सम्म पनि निर्माण कार्य शुरु गरेको अवस्था छैन । तसर्थ निम्नानुसार निर्माण व्यवसायीहरुको खरिद सम्झौताको म्याद थप गर्दा नियमावलीले कल्पना गरेको अवस्था नभएकोले पुर्व निर्धारित क्षतिपुर्ति असुल गरी सम्झौता कार्यान्वयन गरिनु पर्दछ । | १०४४९२६.५० |

| निर्माण व्यवसायीको नाम | योजनाको नाम | खरिद सम्झौताको अङ्क मुअकर बाहेक | सम्झौताको अन्तिम म्याद | थप म्याद | कैफियत |
|---|---|---|---|---|---|
| श्री मष्टा विल्डर्स प्रा लि | वडा न १ को कार्यालय भवन | ५४८४९५०.०० | २०७६.०७.२२-२०७७.७.२१ | २०७८.०१.२० | हाल सम्म कार्य शुरू नगरेको |
| जय मनका जनक निर्माण सेवा | वडा न ५ को भवन निर्माण | ४९६४३१५.० | २०७६.०८.०५-२०७७.०८.०४ | २०७८.१.२० | हाल सम्म कार्य शुरु नगरेको |
| **जम्मा** | | १०४४९२६५.०० | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

३६. **चनेज नखुलाईः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नु पर्ने समेतको विचार गर्ने पर्ने व्ययवस्था छ । पालिकाले यो वर्ष सडक निर्माण सम्बन्धी कार्य गर्दा एउटै नामका धैरै सडकहरु निर्माण कार्य खरिद गरेको देखियो । निर्माण गरिने सडकको मूल लागत अनुमान तयार गरी उपलव्ध बजेट र समयको आधारमा चेनेज खुलाई फरक फरक खण्डको नाम दिई खरिद विधि छनौट गर्नु पर्नेमा एउटै नाम रहेका सडक निर्माणका कार्यहरु फरक फरक खण्डका सडकहरु हुन वा एउटै खण्डका बैकल्पिक सडकहरु हुन वा एउटै खण्डमा दुई वा सो भन्दा बढी निर्माण कार्यका सम्झौताहरु हुन वा एउटै खण्डको सडकमा दोहोरो भुक्तानी हुन एकिन गर्न नसकिएकोले निम्नानुसार नामका सडक निर्माण योजनाहरुको सम्बन्धमा थप स्पष्ट हुनु पर्दछ ।

| सि न | सडक योजनाका नाम | खरिद सम्झौता भएको व्यक्ती | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | नेटेखान गर्वुजा चर्केन सडक योजना | विनोद निर्माण सेवा | ४६६११५.०० |
| २ | नेटेखान गर्वुजा सडेखान चर्केन कृषि सडक निर्माण | उपभोक्ता समिति मार्फत आर्क कन्स्ट्रक्सनले निर्माण गरेको | ४६४००४.०० |
| ३ | सेडेखान चर्केन सडक निर्माण | भागरथी निर्माण सेवा | १९१४९१०.०० |
| ४ | नेटेखान सडेखान सडक मर्मत | उपभोक्ता समिति मार्फत भागरथी निर्माण सेवा | २८□९५००.०० |

- **कर दस्तुर एवं आन्तरिक आय**

३७. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ५००००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रू. ३७८६२०१।११ अर्थात अनुमान भन्दा ४७.२८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३८. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१२९२६४१।६५ | ३७८६२०१।११ | ७.३८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्रास केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.३८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३९. **स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको व्यवस्था गर्नुपर्दछ । | |
| ४०. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ४१. | **राजश्व दाखिला :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा कार्यालय, शाखा तथा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४२. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४३. | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ४४. | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७६।७७ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४५. | **वन पैदावार विक्री आय असूल नभएकोः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।डिबिजन वन कार्यालय डोटीबाट प्राप्त विवरण अनुसार यस पालिका भित्रको निम्नानुसार सामुदायिक वन उपभोक्ता समितिको वन पैदावरको विक्रीवापत प्राप्त गरेको जम्मा रु. ६१०१६१५.१७६ ऐनमा भएको व्यवस्था बमोजिम १० प्रतिशतले हुने रकम स्थानीय संचित कोषमा दाखिला नगरेकोले सम्वन्धित सामुदायिक वन उपभोक्ता समितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रू. | ६१०१६१.५२ |

| सि न | सा व उ स को नाम | ठेगाना | काठको जात | गोलि या थान | परीमाण | विक्री मूल्य | विक्रीको १० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | जनजागरण | बडीकेदानर २ | खोटे सल्ला | ६२ | ८८६.६९ | २३९९०० | २३९९० |
| २ | विपिनगर | बडीकेदानर १ | खोटे सल्ला | १८५ | २२९२.६९ | ७५९३८९.४११८ | ७५९३८.९४११८ |
| | | | अस्ना | ३० | ४०२.७४ | ० | ० |
| ३ | मोहन्यलेश्वर | बडीकेदानर १ | खोटे सल्ला | ६९ | ९७९.७७ | २४७३९१.७६४७ | २४७३९.१७६४७ |
| ४ | चौडेल | बडीकेदानर ३ | साल | १३२ | १६१५.९९ | २०२६००६ | २०२६००.६ |
| ५ | शिवजी | बडीकेदानर ३ | साल | ६५ | ६६३.३४ | ७८४५९२ | ७८४५९.२ |
| ६ | कालिका | बडीकेदानर ३ | साल | १०८ | ८५१.८७ | ९५२४३४ | ९५२४३.४ |
| ७ | सरस्वती महिला | बडीकेदानर ३ | साल | ७७ | ९५५.८१ | १०९१९०२ | १०९११९०.२ |
| | | | | ७२८ | ८६४८.९ | ६१०१६१५.१७६ | ६१०१६१.५१७६ |

- **आयकर एवं मू.अ.कर**

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार भुक्तानी हुने मुअकर रकमको ५० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला गर्नु पर्नेमा फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू. | २६९७८७.०० |

| क स | फर्मको नाम | सम्पादित कार्य | कूल भुक्तानी मु अ कर समेत | ५० प्रतिशतले हुने मु अ कर |
|---|---|---|---|---|
| १ | मिलन कन्स्ट्रक्सन | रन्तोला सडक मर्मत | ४६४९२९.०० | ३०२२०.०० |
| २ | विनोद निर्माण सेवा | नेटेखान गर्वुजा चर्केन सडक योजना | ४६६११५.०० | २३७९७.□० |
| ३ | उग्रतारा सप्लायर्स | वर्छैन वेरवाट देवली सडक योजना | ४६९५८१.०० | ३०५२२.०० |
| ४ | जे पी निर्माण सेवा | कपाडी घडीखेत कृषि सडक निर्माण | ४६६२४०.०० | ३०३०५.०० |
| ५ | | एक्साभेटरको बकेट | ५१६९४१.०० | ३३६०२.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | टुथ र चिजल खरिद | | |
| ६ | घोडाघोडी ईन्जीनियरीङ् कन्सल्टयान्सी | डि पि आर निर्माण | १९८८१२२.०० | १२१३४१.०० |
| | जम्मा | | | २६९७८७.०० |

- **उपभोक्ता समिति मार्फत कार्य**

४७. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४८. **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७९१०० म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ । यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले उल्लिखित नियमको पालना गरी नियमित गर्नु पर्ने रू. ९२८२५६५.०

| क स | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक) | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत |
|---|---|---|---|---|
| १ | विष्णु मा वि खेल मैदान मा वि | ४७४०६६.०० | आशिष एण्ड आयुस कन्स्ट्रक्सन | ५२२६२५.०० |
| २ | श्री कलरुवा ताल सडक नि उ स | ९४५३१७.०० | आशिष एण्ड आयुस कन्स्ट्रक्सन | ९४५३१७.०० |
| ३ | जादी सिन्दुरेपानी चायाकोट कृषि सडक नि उ स | ७११३९.०० | न्यू कुमारी कन्स्ट्रक्सन | ७१३०३०.०० |
| ४ | पोखरी डाडा चौडेलमाडु तल्लो घाङल कृषि सडक उ स | ४७३७८३.०० | लमिगडा निर्माण सेवा | ५३६७५०.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५ | नेटेखान गर्बुजा सडेखान चर्केन कृषि सडक नि उ स | ४६४००४.०० | आर्क कन्स्ट्रक्सन | ४७०५४६.०० |
| ६ | जदीकोइराला सडक नि उ स | ४७१२७७.०० | जयमनका जनक निर्माण सेवा | ६२६९७९.९९ |
| ७ | सडेखान चर्केन सडक निर्माण उ स | १९०३४७९.०० | भागरथी निर्माण सेवा | २११४९१०.०० |
| ८ | मेलघट्टी रम्तोल आ वि खेलमैदान नि उ स | १००००००.०० | भागरथी निर्माण सेवा | १०९९९९९.०० |
| ९ | नेटेखान गर्बुजा सडेखान कृषि सडक नि उ स | २८३९५००.०० | भागरथी निर्माण सेवा | ३२९९९९९.०० |
| | **जम्मा** | **९२८२५६५.००** | | |

४९. **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । उपभोक्ता समितिबाट सम्पादन हुन सक्ने श्रममूलक कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ ।

५०. **बढी मेशिन भाडा दरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्र निर्माण कार्य वा अन्य सेवा प्रयोजनको लागि निर्माण सामाग्री ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दर रेट निर्धारण गर्नु पर्ने व्यवस्था छ । जिल्ला दररेट तथा स्थानीय दररेटमा मेशिन प्रयोग गरी सडक निर्माण गर्दा सडक विभागले तय गरेको प्रति घण्टाको भाडा दर अनुसार हुने निर्णय उल्लेख छ ।सडक विभागले तय गरेको दररेट अनुसार All type soil खन्ने कामको लागि Hydraulic Excavator ले प्रति घण्टा ६० घन मिटर खन्ने र Backhoe Loader ले प्रति घण्टा २६ घन मिटर खन्ने नर्मस कायम गरी प्रति घण्टा दुई प्रकारका मेशिनको लागि भाडा दर क्रमस रु ३५७०।०० र रु २००६।०० ईन्धन अपरेटर खर्च तथा मर्मत सम्भार समेत० कायम गरेको छ । जस अनुसार सबै प्रकारका माटो काट्ने कामको लागि क्रमस प्रति घन मिटर रु ५९।५० र ७७।१५ हुने देखिन्छ । त्यसै गरी सडक विभागको नर्मस अनुसार कडा चट्टान काट्ने काम प्रति घन मिटर ०.०२२७ मेशिन घण्टा कायम भएकोले प्रतिघण्टा रु ३५७० को दरले प्रति घन मिटर रु ८१।०० हुन जान्छ । पालिकाले यो वर्ष निम्नानुसार कामको लागि सडक विभागले तोकेको दर भन्दा बढी दरमा मेशिनको भाडा दर कायम गरी लागत अनुमान तयार गरि सडक निर्माणका काम उपभोक्ता समिति मार्फत गराउदा बढि व्ययभार पारेकोले नियमित गर्नुपर्ने रू. २३४५६१८.५५

| योजनाको नाम | सडकको प्रकृति | परिमाण घन मिटरमा | लागत अनुमानको लागि कायम दर | लागत अनुमान अनुसारको लागत रु | विभागीय नर्मस अनुसारको लागत | बढी देखाइएको लागत रु |
|---|---|---|---|---|---|---|
| विपिनगर हुदै थला सम्म कृषि सडक उ स | माटो | ३६८६३ | १४० | ५१६०८२० | २८५६८८३ | २३०३९□८ |
| नेटेखान गर्बुजा सडेखान | माटो | ५२३१.२५ | ८०.५० | ४२१११६ | ४०५४२२ | १५६९३.८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चर्केन सडक सडक **विनोद निर्माण सेवा** | | | | | | |
| नेटेखान गर्वुजा सडेखान चर्केन कृषि सडक निर्माण **आर्क कन्स्ट्रक्सन** | माटो | २६१० | ८३.७८ | २१८६६६ | २०२२७५ | १६३९०.८ |
| बर्छैन वेरवाट देवली सडक योजना **न्यू उग्रतारा निर्माण सेवा** | माटो | ३८३८.३८ | ८०.०० | ३०७०७० | २९७४७४ | □५९५.९५ |
| जम्मा | | | | | | २३४५६१८.५५ |

५१. **प्रमाण नपुगेका निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी कितावमा उल्लेखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्ट तथा सरियाको परिमाण भन्दा पेश गरिएका खरिदका विल भरपाईको परिमाण घटी भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रू

बेरुजू रकम: ४३७९७९.५

| योजनाको नाम | कामको विवरण | आवश्यक परिमाण | पेश भएको विल अनुसार परिमाण | दर भ्याट सहित | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|
| मोहन्याल मन्दिर निर्माण उ स | 15.12 cum Brick Masonry | ८४६७ ईट्टा | ५३१० ईट्टा | १□.०० | ४७३५८.०० |
| मोहन्याल मन्दिर निर्माण उ स | Reinforcement | ११४२ के जि | १०४५ के जी | ७१.१९ | ६९०५.०० |
| डाङगल्टी खोला सिचाई कूलो मर्मत योजना | 15.6 cum PCC 1:2:4 | १०० वोरा सिमेण्ट | ५५ वोरा सिमेण्ट | ७६२.७५ | ३४३२४.०० |
| श्री मटेला सिचाई कुलो नि उ स | 11.75 PCC 1:2:4 | ७५ वोरा सिमेण्ट | ६५ वोरा सिमेण्ट | ७६२.७५ | ७०६२.५० |
| केदार मन्दिर निर्माण उ स | 139.84 cum PCC 1:2:4 work | ८९५ वोरा सिमेण्ट | ५५० वोरा सिमेण्ट | ७७०.०० | २६५४९०.०० |
| खड्चौली भुमिगत खानेपानी विस्तार यो उ स | PCC को कार्य | ४४० वोरा सिमेण्ट | ३६० वोरा सिमेण्ट | ९६०.५ | ७६८४०.०० |
| जम्मा | | | | | ४३७९७९.५ |

५२. **बिल विजक पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कार्यको लागि खर्च लेख्दा खर्चका विल भरपाई संलग्न नभएकोले खर्चका विल भरपाई पेश हुनु पर्ने रु

बेरुजू रकम: ३४९६५४५.००

| योजनाको नाम | कामको विवरण | भुक्तानी विवरण |
|---|---|---|
| विपी नगर हुदै थला सम्म कृषि सडक नि उ स | मेशिनको प्रयोग गरी सडक निर्माण | ३४९६५४५.०० |

५३. **बढी परिमाणको भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी एकिन गरी सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

बेरुजू रकम: १३६२२४४.०४

| योजना तथा उपभोक्ता समितिको | वास्तविक भन्दा बढी | औसत दर | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | नाम | देखिएको परिमाण | | रकम | | |
| | ओखलढुङ्गा खा पा मर्मत उ स | ८२० मिटर पाइप | ६५.०० | ५३३००.०० | **1200 m** पाइप खरिद भएको तर **380 m** खन्ने पुर्ने कार्य | |
| | छोडाखेत तटबन्ध निर्माण उ स | १८ ग्याविन बक्स | ४३७७.०० | ७८७८६.०० | **3x1.5x0.5** को बक्सको नापी कितावमा **3x1x1** को भएको | |
| | पोटेखाली सिचाई पोखरी निर्माण उ स | २१५ मिटर पाइप | ६९.४९ | १७०९०.०० | **400 m** पाइप खरिद तर **185 m** खन्ने पुर्ने कार्य | |
| | नवलपानी सियाली आली सिचाई कुलो नि उ स | **0.9 PCC 1:2:4 work** | १६१५९.०० | १४५४३.५४ | ८० मिटरमा **stone soiling** गरेको ११६ मिटरमा **PCC** | |
| | वियोडा खानेपानी नि उ स | **210 m Pipe** | ५६.५० | ११८६५.०० | पाइप खरिद २२०० मिटर भएकोमा १९९० मिटर खन्ने पुर्ने कार्य | |
| | नानाकोट खानेपानी मर्मत नि उ स | **4.8 cum EW** | ६८७.५० | ३३००.०० | २९० मिटर पाइप खरिद तर ३१० मिटर पाइप गाडीएको | |
| | भगवती मन्दिर नि उ स | **506 Kg Reinforcement** | १२३.०० | ६२२३८.०० | **1058 kg** को विल तर **552 kg** खरिदको विल पेश भएको । | |
| | कुलदेव वाल विकास घेरवार नि उ स | **1.33 cum wooden pole** | ३३०००.०० | ४३८४४.०० | **110 m barbed wire** को लागि ५५ काठको पोल चाहिने **2m spacing** उल्लेख । तर १२८ पोल नाप कायम भएको | |
| | चौडेलमाडौ धर्मशाला भवन नि उ स | **1.04 PCC 1:2:4** | १५९५४.०० | १६५८४.०० | वालको कूल लम्बाई भन्दा बढी लम्बाईको वाल **top and bottom PCC** दिएको | |
| | केदार मन्दिर पूर्वाधार व्यवस्थापन समिति | **50.32 cum** | १६१५९.०० | ८१३२०९.०० | एउटै **Track** मा **base** र **step** मा दुई पटक **PCC work** देखाएको जुन हुदैन । | |
| | भुनेशैन सिचाई पोखरी निर्माण उ स | **1150 m Pipe** | ६७.२७ | ७७२६०.०० | २००० मि पाइप खरिद ८५० खन्ने पुर्ने कार्य | |
| | चर्केनकुडी वेवरेनी खापा उ स | **1875 m Pipe** | ६७.२७ | १२६१३१.०० | ३३०० मि पाइप खरिद १४२५ मि खन्ने पुर्ने | |
| | नवलकुडी खा पा उ स | **150 m Pipe** | ६७.२७ | १००९०.५० | १३०० मि पाइप खरिद ११५० मि खन्ने पुर्ने | |
| | केदारमाण्डौ आ वि | **3.648 cum Stone with mud mortar** | ४७९८.७० | १७५०३.०० | **Wall soiling** को काम सम्पन्न भई सकेर सबै वालको काम सके पश्चात पुनः ४ वटा **3.8 m** को पेटी बनाएको भनिएको तर फोटोमा पेटी कहिकतै नदेखिएको । | |
| | पुराना गडेसाल खा पा उ स | **24 cum EW** | ६८७.५० | १६५००.०० | **850m pipe** खरिद तर | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | 950 m गाडिएको । |
| जम्मा | | | १३६२२४४.०४ | |

५४. **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तर्फः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको विल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा भुक्तानी हुनु पर्ने उल्लेख छ ।पालिकाले गुडगुडे ज्योती खोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिले ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गतको कार्य गर्दा निम्नानुसार पाइप लाईन खन्ने पुर्ने कार्यको लागि लाग्ने ज्याला खर्च प्रति घन मिटर १.२५ जनाका दरले हुने भन्दा बढी भुक्तानी भएको देखिएकोले असुल गर्नु पर्ने रु — ८९२५०.००

| कार्य विवरण | परिमाण घन मिटर | लाग्ने Man Days | लागेको Man Days | बढी भुक्तनी |
|---|---|---|---|---|
| खन्ने पुर्ने कार्य मुख्य लाइन | २९६ | ३७० | ५३९ | ८८७२५.०० |
| खन्ने पुर्ने कार्य शाखा लाइन | ११२० | १४०० | १४०१ | ५२५.०० |
| **जम्मा** | | | | **८९२५०.००** |

५५. **सेवा शुल्क भुक्तानीः** परामर्शदाता केदार ग्रामिण समाज र पालिका वीच भएको सम्झौताको बुदा न २.१ मा गैर सरकारी संस्थाले झोलुङ्गे पुल निर्माण तथा मर्मतमा सेवा प्रदान गरे वापत सो पूलमा लागेको कूल प्रत्यक्ष लागतको ६ प्रतिशत सेवा शुल्क पालिकाबाट भुक्तानी हुने व्यवस्था छ ।लेखापरीक्षण अवधि सम्म घट्टीखेत झोलुङ्गे पुलको लागि रु ६८१४६९.०० तथा स्टिल पार्ट्स वापत रु १३२२८५०.०० समेत कूल लागत रु २००४३१९.०० को ६ प्रतिशतका दरले जम्मा सेवा शुल्क वापत रु १२०२६०.०० भुक्तानी गर्नु पर्नेमा रु १३९०५१.० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु — १८७९२.०

**सशर्त कार्यक्रमतर्फ**

५६. **अनुगमन प्रतिवेदनः**- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र **ICT Lab,** पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रू. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख भएकोमा गाउँपालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषयहरु उल्लेख नभएकोले तोकीएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा फोटो सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू. — १९५००००.०

| सि.नं. | विद्यालयको नाम | अनुदान कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | बर्छैन मा.वि. | पुस्तकालय | ६५०००० |
| २ | विरेन्द्र मा.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३ | जनता मा.वि. | शिक्षण सिकाइमा सूचना प्रविधि | ६५०००० |
| | | जम्मा | १९५००००.० |

५७. **शिक्षकको तलब भत्ता निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले डाम्सिला आधारभुत विद्यालयका शिक्षक श्री चक्र बहादुर चन्दको तेस्रो चौमासिक आषाढको तलब भत्ता भुक्तानी गर्दा निज अवकाश हुने अवधि (आषाढ १४) सम्मको रू.१७४५५।— रकम भुक्तानी गर्नुपर्नेमा रू.४०२५८।— भुक्तानी गरेकोले बढी भुक्तानी रकम रू.२२८०२।— असुल गरी दाखिला गर्नुपर्दछ । — २२८०३.००

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **IEMIS मा विवरण प्रविष्ट नगरी निकासाः-** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ अनुसार विद्यालयमा पाठ्यपुस्तक, छात्रावृत्ती, **PCF** लगाएतका निकासा गर्दा **IEMIS** प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रावृत्ती वापतको रकम निकासा गर्नुपर्दछ । गाउँपालिकाले केदारेश्वर आधारभूत विद्यालयलाई **IEMIS** मा विद्यार्थी विवरण प्रविष्टि नगरी पाठ्यपुस्तक वापत रू.५७९०८।- पि.सि.एफ वापत रू.३०३५०।- र ९० जना विद्यार्थीलाई छात्रावृत्ती वापत रू.३६०००।- गरी जम्मा रू.१२४२५८।— निकासा गरेको छ । प्रति विद्यार्थी संख्याको आधारमा निकासा हुने यस प्रकार निकासा र विद्यार्थी संख्या बराबर भएकोमा एकिन हुन सकिदैन । अतः विद्यालयमा वास्तविक रुपमा अध्ययनरत विद्यार्थी संख्या एकिन गरी निकासा रकमलाई नियमित गर्नुपर्ने रू. | १२४२५८.० |
| ५९. | **निःशुल्क पाठ्यपुस्त अनुदानः-** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७७ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले कोभिडको विश्वव्यापी महामारीको यस विषम परीस्थितिमा नयाँ शैक्षिक सत्र सञ्चालन नभएको, नयाँ विद्यार्थी भर्ना नभएको, जम्मा विद्यार्थी संख्या पनि एकिन नभइसकेको अवस्थामा पनि विद्यालयले विना आधार निकासा माग गरेको आधारमा विद्यालयलाई पाठ्यपुस्तक वापतको दोस्रो किस्ता रकम रू.४९९५००।- निकासा गरेकोले थप विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी थप निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको उक्त थप पाठ्यपुस्तक वापतको रकम वरावर विद्यार्थीले पाठ्यपुस्तक पाएको सुनिश्चितता गर्नुपर्दछ । | |
| ६०. | **छात्रावृत्ती वितरणः-** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले विष्णु मा.वि. मोलेश्वरलाई छात्रवृत्ती बापत ८१ जना छात्रा र २७ जना दलित छात्र गरी १०८ जनालाई रू.४३२००।— छात्रवृत्ति वापत निकासा गर्नुपर्नेमा रू. ८२०००।— निकासा गरेकोले बढी निकासा भएको रकम रू. ३८८००।— सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रू. | ३८८००.० |
| ६१. | **सेनीटरी प्याड खरीदः-** शिलबन्दी दरभाउको आधारमा धनगढी सिटी इन्टरप्राइजेजसँग मिति खरीद सम्झौता गरी रू.४४१६१५।- को सेनीटरी प्याड खरीद भएको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएकाले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री आर्थिक वर्ष सुरु हुँदाको समयमा नै खरीद गरी उपयोग हुनु पर्दछ । | |
| ६२. | **प्रारम्भिक पढाइ सिप विकास कार्यक्रमः-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले संघीय सशर्त तर्फको बजेट तोकीएको कार्यक्रम वेगर नयाँ कार्यक्रम सिर्जना गरी जनप्रेमी आ.वि., आदर्श आ.वि., मेलकट्टे आ.वि., मालिका आ.वि., केदारेश्वर आ.वि. का प्रारम्भिक पढाइ सिप विकास कार्यक्रममा प्रति विद्यालय रू.९०००।— का दरले रू.४५०००।— खर्च लेखेको छ । यसरी तोकिएको भन्दा फरक हुने गरी भएको | ४५०००.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्च नियमित गर्नुपर्ने रू. | |
| ६३. | **करारका कर्मचारीको तलब भुक्तानीः-** स्वास्थ्य कार्यक्रममा संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन** अनुसार खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष निर्देशिकाले तोके विपरीत स्वास्थ्य संस्थामा दरबन्दी बाहेकका स्वीपर, कार्यालय सहयोगी र गार्ड गरी ७ जना र अ.हे.व. २ जनालाई करारमा राखी रू. ३४०९१६।— तलब भत्ता भुक्तानी भएको छ । कार्यसञ्चालन मार्गदर्शन विपरित भएको खर्चलाई नियमित गर्नुपर्ने रू. | ३४०२१६.० |
| ६४. | **आमा सुरक्षा कार्यक्रम व्यक्ति करारः-** संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन** अनुसार खर्च गर्नुपर्दछ । कार्यक्रम सञ्चालन मार्गदर्शनको सि.नं.२.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ । गाउँपालिका अन्तर्गत रहेका ५ वटा वर्थिङ सेन्टरमा मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्ति करार अन्तर्गत ४ जना अ.न.मी. लाई करारमा राखी रू.१०९२०००।— खर्च लेखेको छ । यस आ.व.मा मार्गदर्शनले तोकेबमोजिम मासिक औषत ५ जना प्रशुति हुने कुनै पनि संस्था नरहेकोले यस कार्यक्रम अन्तर्गत अ.न.मी. काररमा लिन नमिल्ने देखिन्छ । तसर्थ मार्गदर्शनले तोकेबमोजिमको प्रक्रिया अवलम्बन गरी करार सेवामा राख्नुपर्दछ । | |
| ६५. | **निशुल्क गर्भपतन कार्यक्रमः-** संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन** अनुसार खर्च गर्नुपर्दछ । मार्गदर्शनको वुँदा नं. ५.३ अनुसार निशुल्क गर्भपतन कार्यक्रमको लागि रू.८०० र रू.२००० दरमा स्वास्थ्य संस्थालाई अनुदान उपलब्ध गराउने र स्वास्थ्य संस्थाले सोही रकम बाट आवश्यक औषधि तथा अन्य सामाग्री खरीद गरी कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । गाउँपालिकाले मार्गदर्शन विपरित सुरक्षित गर्भपतन कार्यक्रमको लागि ५० जनाले गर्भपतन सेवा लिएको भनि रू.४००००।— सम्बन्धित स्वास्थ्य संस्थालाई अनुदान दिएकोमा पुनः औषधि खरीद गरे बापत रू.७१११६।— खर्च लेखकोले दोहोरो पर्ने गरी गरिएको खर्च रकम नियमित गर्नुपर्ने रू. | ७१११६.०० |
| ६६. | **PNC Home Visit कार्यक्रमः-** संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरिएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन** अनुसार खर्च गर्नुपर्दछ । मार्गदर्शनको वुँदा नं. ३.६ अनुसारको कार्यक्रम अनुसुची ११ को बजेट बाँडफाँड परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले तोकीएको बजेट रू.१०८०००।— मात्र यस कार्यक्रममा खर्च गर्नुपर्नेमा रू.१२४७००।— खर्च गरेको छ । यसरी तोकीए भन्दा बढी रकम खर्च गर्ने आधार प्रमाण पेश गरी खर्च रकमलाई नियमित गर्नुपर्ने रू. | १६७००.०० |
| ६७. | **औषधि खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी देहायबमोजिम औषधी सोझै खरीद गरेको छ । | |

| भौ.नं. र मिति | आपूर्तिकर्ता | रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १८६-२०७७।३।२८ | सुयोग्या फार्मेशी | ८८३८५५ | |
| ३९-२०७६।९।१ | सुयोग्या फार्मेशी | ७१११६ | सुरक्षित गर्भपतन कार्यक्रम |
| १७-२०७६।६।१७ | सुचित्रा आयुर्वेदिक औषधालय | ५०००० | आयुर्वेद तर्फका विभिन्न कार्यक्रम |
| | सुचित्रा आयुर्वेदिक औ धालय | ९०००० | |
| | सुचित्रा आयुर्वेदिक औषधालय | २००००० | |
| | सुचित्रा आयुर्वेदिक औषधालय | ६०००० | |
| | | १३५४९७१ | |

औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको ओषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट **Specification** अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएकोले तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ६७.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लोगो सहित खुलाएर नराखेको, | |
| ६७.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ६७.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ६७.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| ६८. | **खर्चको आधार पेश गर्नुपर्नेः- १०४-२०७७।३।३,** स्वास्थ्य तर्फको संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । मार्गदर्शन विपरित श्री पुजा राजबंशीले ३९ जालाई भत्ता बुझाएको भनि रू.३६०००।— भुक्तानी लिएकोमा कुन कार्यक्रममा केको लागि भत्ता वितरण भएको हो त्यसको आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रू. | ३६०००.०० |
| ६९. | **महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ताः-** स्वास्थ्य तर्फको संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको **आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन** अनुसार खर्च गर्नुपर्दछ । गाउँपालिकाले निर्देशिकामा तोके विपरित महिला स्वयं सेविका श्री नरेश धामी, श्री चम्की विठाडी र श्री धौली सार्कीलाई स्वेच्छिक अवकास पश्चात प्रोत्साहन भत्ता स्वरुप जनही रू.२००००।— का दरले रू.६००००।— | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भुक्तानी दिएको छ । यसरी निर्देशिकामा उल्लेख नभएको रकम खर्च गर्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रू. | ६००००.०० |
| ७०. | **कागजात पेश गर्नुपर्नेः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विलभर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कार्यक्रममा खर्चसँग सम्बन्धित विल भर्पाइ तथा खर्च पुष्ट्याँईका कागजात संलग्न नराखेकोले विल भर्पाइ पेश सहित प्रमाण कागजात पेश गर्नुपर्ने रू. | २८५९८१.० |

| भौ.नं. र मिति | कार्यक्रम | रकम |
|---|---|---|
| ८४-२०७७।२।७ | मातृ तथा नवशिशु कार्यक्रम | २४००० |
| ६७-२०७७।१।१६ | मातृ तथा नवशिशु कार्यक्रम | १२६००० |
| १८३-२०७७।३।२८ | पोषण कार्यक्रम | ४९००५ |
| ४४-२०७६।११।१६ | सञ्चालन व्यवस्थापन तथा भ्रमण खर्च **(RVWRMP)** | ८६९७६ |
| | | २८५९८१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७१. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, बाटो मर्मत कार्यक्रम सञ्चालन गरी १४७ जनालाई समग्रमा ३४०० दिन र औषतमा २३.१ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रू.२०६८५६४।- खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः- | |

| सि.नं. | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | रोजगारी प्राप्त गरेको दिन | पारिश्रमिकमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १. | खड्यौली देखि वडा कार्यालयसम्म सडक मर्मत | ३२ | २४ | ४३६००० |
| २. | वर्छैन पुरान सडक स्तरोन्नती | ४३ | २४ | ४५१६२५ |
| ३. | काफली खोला सडक स्तरोन्नती | ४० | २४ | ५०५६२५ |
| ४. | वि.पि. नगर हुँदै अमरकाडा सडक मर्मत | ३२ | २० | ३५८४०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | \| \| १४७ \| ३४०० \| १७५१६५० \| | |
| ७२. | **श्रमिकको ज्याला भुक्तानीः-** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्याला वापतको रकम रू. १७५१६५०।— सम्बन्धित रोजगार समिति मार्फत भुक्तानी गरेको छ ।जसले गर्दा वास्तविक श्रमिकहरुले पारिश्रमिक प्राप्त भएको यकिन हुदैन । कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैंक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ । | |
| ७३. | **सुरक्षित नागरिक आवास कार्यक्रमः- ८८-२०७७।३।२९,** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ लक्षित वर्गको पहिचान स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन इकाइले लाभग्राही पहिचान गरी सुरक्षित आवास समन्वयन समितिमा पेश गर्ने तथा यसरी पेश भएको विवरणको आधारमा समितिले लाभग्राही छनौट गरे पश्चात अनुगमन गर्ने, कार्यसम्पन्न प्रतिवेदनका आधारमा अन्तिम निकासा दिने सम्पूर्ण काम स्थानीय तहबाट गर्नुपर्ने उल्लेख छ । त्यस्तै कार्याविधिको दफा ६ अनुसार सम्झौता भएको ३ महिनामा कार्य सम्पन्न गर्नुपर्ने अन्यथा रकम असुलउपर हुने उल्लेख छ । गाउँपालिकाले वडाको सिफारिसमा आधारमा मात्र सोझै ४० जनासँग सम्झौता गरी प्रति परिवार रू.२२५००।— का दरले रू.९०००००।— खर्च लेखेको छ । त्यस्तै कार्यविधिले तोकेको प्रक्रिया अनुरुप काम भए नभएको एकिन गरी तोकीएको समयसम्म निर्माण कार्य सम्पन्न नगर्ने लाभग्राहीबाट रकम असुल गर्नुपर्दछ । | |
| ७४. | **संघीय शसर्त तर्फबाट जोखिम भत्ता भुक्तानीः-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले १९ जनालाई कोभिड-१९ को जोखिम भत्ता वापतको रकम रू.२०३६८१०।— प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्नु पर्नेमा संघिय शसर्त अनुदान तर्फबाट भुक्तानी गरेकोले भुक्तानी भएको रकम अनियमित देखिएको रू. | २०३६८१०.० |
| ७५. | **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाः- ८५-२०७७।२।७,** ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा परियोजना कार्यान्वयन निर्देशिका अनुसार खर्च गर्नुपर्दछ । गाउँपालिकाले उक्त निर्देशिका अनुसार तीनवटा स्थानीय तह (सायल गाउँपालिका, बडीकेदार गाउँपालिका, बोगटान फुडसिल गाउँपालिका) को संयुक्त आयोजनामा सञ्चालित मातृभुमि चुलो निर्माण कार्यक्रममा प्रशिक्षक श्री यज्ञ वहादुर रावललाई प्रशिक्षकको रुपमा सम्झौता गरी कार्यक्रमको जिम्मा दिएकोमा निजको पारीश्रमिक वोगटान फुडसिल गाउँपालिका र यस गाउँपालिकाबाट गरी दोहोरो भुक्तानी भएको छ । यसरी एउटै कार्यक्रममा दोहोरो पर्ने गरी भएको भुक्तानी रकम सम्बन्धित प्रशिक्षकबाट असुल गरी दाखिला गर्नुपर्ने रू. | १४२५०.०० |
| ७६. | **जिन्सी दाखिला नभएकोः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ अनुसार कार्यालयमा कुनै माध्यमबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजमको कार्यक्रमबाट प्राप्त भएका सामाग्री जिन्सी किताबमा दाखिला नगरेकोले जिन्सी दाखिला गर्नुपर्ने रू. | १९४८६४.० |

| भौ.नं. र मिति | कार्यक्रम | सामाग्री विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| ११४-२०७७।३।३ | आयुर्वेद तर्फ | अफिस टेवल | १ | १०००० | १०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | शिरोधार टेवल | १ | ३०००० | ३०००० |
| १२६-२०७७।३।३१ | RVWRMP | Padreg safe bokg | १ | ६१९४६ | ६१९४६ |
| | | डेस्कटप कम्प्यूटर | १ | ४८६७२ | ४८६७२ |
| | | प्रिन्टर क्यानन | १ | २२१२३ | २२१२३ |
| १२७-२०७७।३।३१ | | प्रिन्टर क्यानन | १ | २२१२३ | २२१२३ |
| जम्मा | | | | | १९४८६४ |

**पूँजीगत तर्फः-**

७७. **खरीद भन्दा बढी कार्यः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा विलभर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले **RVWRMP** कार्यक्रम अन्तर्गत देहायका खानेपानी आयोजनामा वास्तविक पाइप खरीदको लम्बाई भन्दा पाइप जडान तथा खन्ने पुर्ने कामको लम्बाई बढी भएको भनि रू. १५२३६.५५ बढी भुक्तानी गरेको छ । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धि समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रू. — बेरुजू रकम: १५२३६.५५

| आयोजना नाम | पाइप खरीद | पाइप जडान तथा खन्ने पुर्ने कामको लम्बाई | फरक | प्रति मी. दर | जम्मा फरक रकम |
|---|---|---|---|---|---|
| उदपूर्ण सेलाने खानेपानी तथा सरसफाई आयोजना | १७१४४ मी. | १९१५९ मी. | २०१५ मी. | ५.७७ | ११६२६.५५ |
| चाचरा खानेपानी तथा सरसफाई आयोजना | ४०७९ मी. | ४५६१ मी. | ४८२ मी. | ७.४९ | ३६१० |
| जम्मा | | | | | १५२३६.५५ |

**समानीकरण पूँजिगततर्फ**

७८. **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

७९. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रवर्द्धन भएको अवस्था देखिदैन ।कानूनको पालना हुनु पर्दछ ।

८०. **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु १०७३०००।००कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।कन्टिन्जेन्सी अभिलेख व्यवस्थित हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८१.</td><td>असम्बन्धित व्यक्तिहरुलाई अनुगमन भत्ताः ढुंगा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ को बुदा न ९ मा नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन सङ्कलन तथा विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा ९ सदस्यीय अनुगमन समितिको गठन गरिएको छ ।पालिकाले यो वर्ष नदिजन्य पदार्थबाट कुनै राजस्व संकलन भएको अवस्था छैन । पालिकाले नदि जन्य पदार्थको उत्खननको अनुगमन गर्न भनि मापदण्डमा व्यवस्था नभएका निम्नानुसार असम्बन्धित व्यक्तीहरुलाई जिल्ला समन्वय प्रमुख श्री खेमराज गुरुङ् मार्फत अनुगमन भत्ता भुक्तानी गरीएकोले असम्बन्धित व्यक्तिहरुलाई भुक्तानी भएको रकम सम्बन्धित व्यक्तिहरुबाट असुल गर्नु पर्ने रू.<br><br>
<table>
<tr><th>सि न</th><th>व्यक्ति</th><th>रकम</th><th>सि न</th><th>व्यक्ति</th><th>रकम</th></tr>
<tr><td>१</td><td>ने क पा प्रतिनिधि</td><td>३६००.००</td><td>७</td><td>कांग्रेसका प्रतिनिधि</td><td>३६००.००</td></tr>
<tr><td>२</td><td>जनमोर्चाका प्रतिनिधि</td><td>३६००.००</td><td>८</td><td>राप्रपाका प्रतिनिधि</td><td>३६००.००</td></tr>
<tr><td>३</td><td>समाजवादीका प्रतिनिधि</td><td>३६००.००</td><td>९</td><td>राप्रपा संयुक्तका प्रतिनिधि</td><td>३६००.००</td></tr>
<tr><td>४</td><td>गै स स महासंघका प्रतिनिधि</td><td>३६००.००</td><td>१०</td><td>जि स स का ना सु</td><td>५१००.००</td></tr>
<tr><td>५</td><td>जि स सका खरिदार</td><td>५१००.००</td><td>११</td><td>जि स स हसाच</td><td>४२५०.००</td></tr>
<tr><td>६</td><td>हसचा डि व का</td><td>५१००.००</td><td>१२</td><td>जि स स कार्यलय सहयोगी</td><td>४२५०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४६००</td><td></td><td>जम्मा</td><td>२४४००</td></tr>
</table></td><td>४९०००.०</td></tr>
<tr><td>८२.</td><td>अनुगमन तथा मूल्याङ्कन खर्चः सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्न निम्नानुसार पत्रकारहरु सँग सम्झौता गरी अनुगमन तथा मूल्याङ्कन वापत रू १३९५००।०० खर्च लेखेको छ । पालिकाबाट संचालित कार्यक्रमहरुको अनुगमन गर्ने कार्यविधि तथा मापदण्ड तय नगरी तथा अनुगमनकर्ताको निश्चित योग्यता नतोकी कार्यालयको मौजुदा जनशक्तिहरुले समेत अनुगमन गरिरहेको अवस्थामा बाकी कुन कुन कार्यक्रम तथा योजना अनुगमन गर्न कति जनशक्ति आवश्यक पर्ने हो सो समेतलाई बिचार नगरी सोझै पत्रकारहरुबाट अनुगमन गराएको कार्य नियम सम्मत मान्न नसकिएको रु<br>
<table>
<tr><th>सि न</th><th>पत्रकारको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>चक्र मल्ल</td><td>४६५००.००</td></tr>
<tr><td>२</td><td>एकेन्द्र चन्द</td><td>४६५००.००</td></tr>
<tr><td>३</td><td>गणेश मैनाली</td><td>४६५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td></tr>
</table></td><td>१३९५००.००</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**८३.** **पाईप खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष गरिबसँग अध्यक्ष कार्यक्रम अन्तर्गत निम्नानुसार सप्लार्यसहरुबाट पाइप तथा ग्याविन खरिद गरी खर्च लेखेकोमा पाईपको खपतको प्रमाण संलग्न छैन । माग विवरण तथा लागत अनुमान र वितरण तथा हस्तान्तरण र सोको नापी किताव सहितको प्रमाण पेश हुनु पर्ने रू

बेरुजू रकम: ११६७२०९.०

| क्र स | सप्लायर्सको नाम | खरिद भएको सामान | भुक्तानी रकम |
|---|---|---|---|
| १ | अनमोल सप्लार्यस | पाइपहरु | ४६७२०९.०० |
| २ | अनमोल सप्लायर्स | पाइपहरु | ५०००००.०० |
| ३ | मंगलेश्वर मल्टी ट्रेड एण्ड सप्लायर्स | पाइपहरु | २०००००.०० |
| | जम्मा | | ११६७२०९.०० |

**८४.** **मर्मत सम्भारः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ उपकरण वा पार्ट पुर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति इकाइ मूल्य पाँच हजार भन्दा बढि पर्ने उपकरणको अभिलेख राखी त्यस्तो उपकरण वा पार्ट पुर्जाले प्रतिस्थापन गरेको कुरा सम्बन्धित प्राविधिक बाट प्रमाणित गराई पुरानो पार्टस वा उपकरण जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ ।पालिकाले एक्साभेटरको बकेट र चिजल तथा टुथ फेरेको भनि रु ५१६९४१।०० खर्च भएकोमा पुरानो पार्टस प्रतिस्थापन गरेको प्राविधिकबाट प्रमाणित गराई पुरानो पार्टस जिन्सी दाखिला गर्नु पर्नेमा सोको अभिलेख राखेको छैन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

**८५.** **मालसमान तथा उपकरण खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

| क्र स | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ल्यापटप प्रिन्टर तथा डेस्कटप र अन्य कम्प्युटर पार्टसहरु | गडतोला सप्लायर्स | ९९७१५०.०० |
| २ | कम्प्युटर तथा फोटोकपी मेशिन पार्टसहरु | उग्रतारा टेक्निकल गुडस् | २८५८८३.०० |
| ३ | सोलार होम सिस्टम | सुर्यदीप ईनर्जी प्रा लि | २५७८५६९.०० |
| | जम्मा | | ३८६१६०२.०० |

**समानीकरण चालुतर्फ**

**८६.** **सवारी भाडाः** ९।२०७६/६/९ सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी ऐन २०७५ जारी गरि स्थानीय तहका पदाधिकारीहरुको सुविधा उक्त ऐनमा तोके बमोजिम मात्र पाउने र उक्त ऐनको दफा १२ मा ऐनमा उल्लेख भएका बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनि उल्लेख गरेको छ ।यस पालिकाका उप प्रमुखले कार्यालय प्रयोजनको निमित्त २ महिनाको लागि सवारी भाडामा लिन रु ३०००००.० मा स्थानीय सवारी धनि सँग सम्झौता गरेको पाइयो । स्थानीय तहका पदाधिकारीको सुविधा

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारीले सावरी सुविधा सम्बन्धी व्यवस्था नभएकाले ऐनले तोकेभन्दा बाहेकको सुविधा बापतको रकम सम्बन्धितबाट असुल गरिनुपर्ने रू | ३०००००. |
| ८७. | **गत आ.व.को भुक्तानीः ११।२०७६/६/१०** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालू बर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न नहुने उल्लेख छ । तर विशेष परिस्थितिवश उपनियम ८ मा उल्लिखित खर्च शिर्षकहरुमा चालू बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रक आगामी बर्षमा भुक्तानी दिन बाँकीको कारण खोलि महालेखा परीक्षकको कार्यालयमा तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावरीमा चढाई श्रवाण पन्ध्र गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट (सशर्त वाहेकको कार्यक्रमको हकमा स्थानीय तहको आलेप शाखाबाट) प्रमाणित गराइ अभिलेख राख्नुपर्ने हुन्छ । पालिकाले निम्नानुसारको गत वर्षको खर्च यो वर्ष भुक्तानी गरेकोमा उल्लिखित नियमको प्रावधान बमोजिम भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरेको देखिएन साथै उक्त खर्चको लागि यो वर्ष बजेट समेत विनियोजन नभएको देखिएकोले उल्लिखित भुक्तानी नियम सम्म देखिएन । अत नियमित गर्नु पर्ने रू<br><br>सि न \| विवरण \| रकम<br>१ \| पदाधिकारीको ईन्धन खर्च \| १३४७४.८०<br>२ \| ईन्धन खर्च \| १८६९४.००<br> \| जम्मा \| ३२१६८.८० | १३४७४.८ |
| ८८. | **स्थानीय भत्ताः २८।२०७६/६/१२** नेपाल सरकार तलवमान व्यवुथाको उपनियम २(ख)मा स्थानीय स्तरमा समितिद्वरा नियकुक्ती भई सोही स्थानमा काम गर्ने कर्मचारीले स्थानीयय भत्ता पाउने छैनन् भन्ने व्यवस्था रहेको छ । उक्त नियमको विपरित यस गाउँपालिकाले ८ जना कर्मचारीहरुलाई स्थानीय स्तरमा नियुक्त गरि २०७६ श्रावण देखि २०७६ फाल्गुन सम्म रु ३२१०.० का दरले स्थानीय भत्ता दिइएकाले सम्बन्धित बाट असुल हुनुपर्ने रू | २०५४४०.० |
| ८९. | **प्रोत्साहन भत्ताः २९।२०७६/६/१२** कार्यपालिकाको निर्णय बमोजिम गाउँ सभामा कर्मचारीहरुले सहयोग गरे बापत पालिकाका २० जना कर्मचारीहरुलाई एक महिनाको तलब बराबरको रकम प्रोत्साहन बापत भुक्तानी गरिएको रकम सम्बन्धितबाट असुल गरिनुपर्ने रू | ५२१४८८.० |
| ९०. | **दाखिला नभएकोः ३५।२०७६/६/१६** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व ऐन,२०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ।यस पालिकाको ... वडाले रु ६०००.० बराबरको त्रिपाल खरिद गरेको तर हाल सम्म कार्यालयमा दाखिला नगरेकाले सो सम्बन्धमा तहाँ बाट नै छानविन गरि सो त्रिपालको दाखिला वा वितरणको अवस्था बारेमा प्रमाण पेश गर्नुपर्ने रू | ६०००.० |
| ९१. | **पदाधिकारीलाई पेश्कीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा स्थानीय तहको खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृत र निजले अख्तियारी प्रदान गरेको कर्मचारीलाई मात्र हुने व्यवस्था । यस पालिकाका देहाएबमोजिमका पदाधिकारीहरूले उक्त ऐनको विपरीत हुने गरि पेश्कि लिई खर्च गर्ने गरेकोले यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।<br><br>**नाम/पद** \| **रकम रु** \| **कार्यक्रम**<br>सागर विनाडि, ५ नं वडाध्यक्ष \| १४००००.० \| वडाको खर्च<br>राम ब. नामजाली २ नं वडाध्यक्ष \| १३००००.० \| वडाको खर्च<br>विरेन्द्र ब.कोटकेनी ४ नं वडाध्यक्ष \| १३००००.० \| वडाको खर्च | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गा.पा. उप प्रमुख — ४०००००.० — महिला अभिमुखीकरण कार्यक्रम<br>गा.पा. उप प्रमुख — ६००००.० — गाडि भाडा | |
| ९२. | **खेलकुद कार्यक्रमः ९५।२०७६/९/०१** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ को (५) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन पश्चात कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नपर्ने उल्लेख छ ।यस पालिकाले सञ्चालन गरेको उपाध्यक्ष कप महिला खेलकुद कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदन पेश नगरेकाले कार्यक्रम भएको मिति, स्थान र कार्यक्रमको विवरण नखुलेकाले कार्यक्रम भएको यकिन नभएको । यस सम्बन्धमा तहाँ बाट नै छानविन गरी प्रमाण पेश गर्नुपर्ने रु | २००००.० |
| ९२.१. | **१०६।२०७६/९/१** उपाध्यक्ष कप महिला खेलकुद कार्यक्रम सञ्चालन पश्चात गजराज साउदले प्रतिवेदन पेश नगरेकाले कार्यक्रम भएको यकिन भएन । उक्त कार्यक्रम सम्पन्न पश्चात पेश गरेको विल भरपाई परीक्षण गर्दा धनगढी, कैलालीको होटलमा खाना खाजा खाएको विल पेश भएकाले उक्त कार्यक्रम भएको देखिएकाले उक्त कार्यक्रम सञ्चालनका लागि बुझेको रकम सम्बन्धित बाट असुल गरिनुपर्ने रु | ४००००.० |
| ९३. | **खरिद आदेशः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ४ मा अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना खरिद गर्न गराउन नहुने उल्लेख छ । यस पालिकाको देहाए बमोजिमका खर्चका भौचर परीक्षण गर्दा उक्त नियमावलीको व्यवस्था बमोजिम मर्मत आदेश स्वीकृति विना सोझै खर्चका प्राप्त विलहरुको आधारमा खर्च लेखिएकोले नियम सम्मत नदेखिएको रू | ३४५९०८.० |

| भौ नं./ मिति | मालसामान/ मर्मत | रकम रु |
|---|---|---|
| **६।२०७६/६/९** | एक्जाभेटर मर्मत | २४४७९५.० |
| **१०९।२०७६/९/१** | सवारी मर्मत | १४३५०.० |
| **२६१।२०७७/२/१३** | सवारी मर्मत र विविध | ५९००.० |
| **२६७।२०७७/२/१५** | मर्मत र मसलन्द | ७१००.० |
| **२७४।२०७७/२/२०** | सवारी मर्मत | ३७७६३.० |
| **४१४।२०७७/३/२८** | Exide व्याट्रि खरिद | ३६०००.० |
| **२९०।२०७७/३/४** | गाडि रिजर्भ | २२८०००.० |
| **जम्मा** | | ३४५९०८.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९४. | **सार्वजनिक सुनुवाईः १२६।२०७६/११/१५** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने भनिएको छ । यस पालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नका लागि गभर्नेन्स मिडीया रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टरका सञ्चालक गणेश मौनी सँग रु १०००००.० भुक्तानी दिने गरि सम्झौता गरि कार्यक्रम सञ्चालन गरिएको छ । पालिकामा तत्काल उपलब्ध जनशक्तिबाट नै संभव हुने कार्यक्रममा परामर्श सेवा खरिद गर्नु नियम सम्मत नदेखिएको रु | १०००००.० |
| ९४.१. | **३०३।२०७७/३/११** कार्यालयमा उपलब्ध जनशक्ति बाट संभव देखिने कार्य परामर्श सेवा खरिद गरिएको, कोभिड नियन्त्रण तथा रोकथामका लागि विभिन्न वडाहरुमा अनुगमन गर्न सञ्चार विकास नेपालसँग अनुगमन, मूल्यांकन र सहजीकरणका लाई रू २८६९००.० भुक्तानी गरेको देखियो । अनुगमन तथा मूल्याङ्कन जस्तो | २६९०००.० |

कार्यालयको नामः- बडिकेदार गाउँपालिका, डोटी । आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्य पालिकाको आफ्नै संयन्त्रबाट गर्नु पर्नेमा संचार गृहलाई दिएको कार्य नियम सम्मत नदेखिने रू | |
| ९५. | **क्षमता अभिवृद्धि कार्यक्रमः १४२।२०७६/११/१६** अर्थमन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका, २०७५ को ७.१.१५ मा तालिम केन्द्र बाहेकका निकायबाट सञ्चालन गरिने सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रममा प्रशिक्षकको पारिश्रमिकमा प्रतिवेदन वापत रु १०००.० र कक्षा सञ्चालन बापत रु ४००.० गरी जम्मा १४००.० प्रति कक्षा पाउने र एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने र कार्यपत्र कम्तिमा ७५० शब्दको हुनुपर्ने उल्लेख छ । यस पालिकाका उप प्रमुखले महिला सहकारी तथा महिला अधिकार कर्मिहरुको क्षमता अभिवृद्धि सम्बन्धी ३ दिने तालिम सञ्चालन गर्दा प्रशिक्षकको पारिश्रमिक बापत ६ जनालाई जनही रु १८००० का दरले जम्मा रु १०८०००.० भुक्तानी दिएको देखिन्छ । उक्त तालिममा कतिवटा कक्षा सञ्चालन भएको हो सो उल्लेख नगरि एक मुष्ट १८०००.० का दरले ६ जनालाई रु १०८०००.० पारिश्रमिक दिएको देखिन्छ ।निर्देशिका बमोजिम प्रतिकक्षाको प्रशिक्षक र कार्यपत्र वापत रु १४०० का दरले मात्र भुक्तानी गर्नुपर्नेमा बढि भुक्तानी भएको दर रु १३८०० का हुन आउने रु ८२८००.० र कार्यविधिमा उल्लेख नगरिएको सहजकर्ता बापत ३ जनाले बुझेको रु १८०००का दरले हुन आउने रु ५४०००.० गरि जम्मा रु १३६८००.०० सम्बन्धित बाट असुल गरिनु पर्ने रु | १३६८००.० |
| ९५.१. | **सहभागी भत्ता र सहजकर्ता भत्ताः ३११।२०७७/३/१२** गाउँपालिकाद्वारा आयोजित सरसफाई सम्बन्धी ३ दिने कार्यक्रम गरे बापत दिपक ब. धामी लाई रु १२९७५०.० भुक्तानी भएकोमा, उक्त कार्यक्रमा अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिकामा उल्लेख गरिए भन्दा बाहेकको सहजीकरण भत्ता र उल्लेखित भन्दा बढि दरमा सहभागी भत्ता भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरिनुपर्ने रु<br>(सहभागी भत्ता भुक्तानी भएको दर रु १०००.० निर्देशिकामा उल्लेखित दर रू ७००.० भन्दा बढि २८ जना सहभागी लाई तीन दिनको लागि रु ३०० *२८*३ रु २५२००.० र सहजीकरण बापतको भत्ता ३ जना ३ दिन रु ३०००.० का दरले हुन आउने रु २७०००.० गरि जम्मा रु ५२२००.०) | ५२२००.० |
| ९६. | **वितरण भर्पाइः** उद्दार राहत तथा पुनस्थापना बापत रु ३९४०००.० को राहत सामाग्री खरिद गरिएको तर सो को दाखिला र वितरण भरपाई नभएकाले वितरण भरपाई पेश गर्नु पर्ने अन्यथा सम्बन्धित बाट असुल गरिनुपर्ने रु | ३९४०००.० |
| ९७. | **अनुगमन खर्चः २०४।२०७७/२/६** भ्रमण खर्च नियमावली, २०६४ मा सम्बन्धित कार्यालयको कर्मचारी वा पदाधिकारिले मात्र भ्रमण खर्च पाउने उल्लेख छ । यस पालिकाले कोभिड १९ अवधिमा वडामा राहत वितरणको अनुगमन गर्न १ जना स्थानीय पत्रकारलाई रु १५०००.० अनुगमन मुल्यांकन खर्च भुक्तानी दिएको देखिन्छ । नियमावलीको व्यवस्था विपरित असम्बन्धित व्यक्तिलाई दिएको भ्रमण खर्च सम्बन्धितबाट असुल गरिनु पर्ने रू | १५०००. |
| ९८. | **मोवाइल खरिदः २६७।२०७७/२/१५** सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भन्ने उल्लेख छ । उक्त ऐनमा स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई मोवाइल उलब्ध गराउने उल्लेख भएको पाइएन । यस पालिकाको वडा नं १ का वडाध्यक्षले विविध खर्च शिर्षकबाट रु २४०००.० को मोवाएल खरिद गरेको विल पेश गरी भुक्तानी लिएको देखिन्छ । यसरी ऐनमा उल्लेख भएबाहेकको सुविधा वापत बुझेको रकम सम्बन्धित पदाधिकारीबाट असुल गरि स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | २४०००.० |
| ९९. | **बढी भुक्तानीः ३६२।२०७७/३/२२** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६(३) मा सरकारी रकम खर्च गर्दा बिल भरपाईसहित लेखा राख्नु पर्ने उल्लेख छ । यस पालिकाले अन्य सम्पत्ति संचालन तथा मर्मत शिर्षक बाट रु २०६४०.० राम ब. बडैलालाई भुक्तानी दिएकोमा उक्त श्रेस्ता परीक्षणका क्रममा रु ५३४०.० को मात्र बिल भर्पाई पेश भएकाले बढि भुक्तानी भएको रु १५३००.० को प्रमाणित बिल भर्पाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरिनुपर्ने रु | १५३००.० |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१००.</td><td>मर्मत संभारः ३६३।२०७७/३/२३ मर्मत संभार बापत रु ३३२२०.० भुक्तानी दिएकोमा उक्त खर्च पुष्टि हुने बिल भर्पाई संलग्न नभएकाले खर्च पुष्टिको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरिनुपर्ने रु</td><td>३३२२०.०</td></tr>
<tr><td></td><td>गा.पा. चालु (कृषि,पशु )</td><td></td></tr>
<tr><td>१०१.</td><td>पालिका भित्र भ्रमणः भ्रमण खर्च नियमावली २०६४ को नियम ५ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले मात्र भ्रमण खर्च पाउने उल्लेख छ । यस पालिकाका देहाएका कर्मचारी तथा पदाधिकारीहरुले विभिन्न समयमा गाउँपालिका भित्रका वडा, विद्यालय, अस्पताल र विभिन्न योजना अनुगमन बापत दैनिक भ्रमण खर्च लिएकाले नियमावलिको व्यवस्था विपरित लिएको उक्त रकम सम्बन्धित बाट असुल गरिनुपर्ने रु
<table>
<tr><th>भौ नं/ मिति</th><th>नाम/पद</th><th>रकम रु</th></tr>
<tr><td>१९।२०७७/३/३१</td><td>गा.पा.उपाध्यक्ष</td><td>१५००००.०</td></tr>
<tr><td>२०।२०७७/३/३१</td><td>गा.पा.अध्यक्ष</td><td>५००००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०००००.०</td></tr>
</table></td><td>२०००००.०</td></tr>
<tr><td>१०२.</td><td>भ्रमण खर्च : सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।
<ul>
<li>अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।</li>
<li>नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।</li>
<li>भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।</li>
<li>कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।</li>
<li>स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।</li>
</ul>
अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>१०३.</td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नंबर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, मृत्यू भइसकेका लाभग्राहीको समयमै लगत कट्टा नगरेको पाईयो । तसर्थ गाउँपालिकाले लाभग्राही लगत अद्यावधिक गरी दोहोरो नामावलि र मृतक व्यक्तिको नामावलि समयमै लगत कट्टी हुनुपर्ने देखिन्छ । | |
| १०४. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ देखिन्छ। | |
| १०५. | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा नगरेकोले त्यस्ता लाभग्राहीको नामवलि समयमै लगत कट्टी गर्नु पर्ने देखिन्छ । | |
| | • **पेश्की व्यवस्थापन** | |
| १०६. | आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । पेश्की बाकीको विवरण प्राप्त नभएको तर बैङ्क नगदी किताव अनुसार पेश्की बाकी रहेको निम्नानुसार पेश्की फर्छ्यौट हुनु पर्ने देखिएकोले पेश्कि बाँकीको नामनामेसी सहितको विवरण पेश गरी नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रू | ७२३४७३३.० |

| बजेट प्रकार | पेश्की दिएको | पेश्की फर्छ्यौट भएको | पेश्की बाकी |
|---|---|---|---|
| गाउपालिका पुजिगत | ५९९१०७४ | ३९१९१७३ | २०७१९०१ |
| संघीय सरकारबाट हस्तान्तरित पुजिगत | १६९३६८५३ | १२६२४०२१ | ४३१२८३२ |
| गत वर्षको जिम्मेवारी | २७५९२३५ | १९०९२३५ | ८५०००० |
| **जम्मा** | २५६८७१६२ | १८४५२४२९ | ७२३४७३३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु** | |
| | **आन्तरिक लेखापरिक्षण प्रतिवेदन उपरको कारवाही :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३३ मा आन्तरिक लेखा परीक्षणबाट देखिएको बेरुजू अन्तिम लेखापरीक्षण हुदा सम्म फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षणमा देखिएका निम्नानुसार व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ । | |
| | **ब.उ.शि.नं. ८०७७१५०५००१ पुजिगत** | |
| १०७. | ८२,२०७७/०२/११ डाङ गलडी खोला सिचाई कुलो मर्मत योजना वडिकेदार -१ को रकम भुक्तानी दिइएकोमा ल.ई/सम्झौता/नापी किताव/प्राविधिक मुल्यांकन/ कार्यसम्पन्न प्रतिवेदन आदी कुनै पनि कागजात वेगर कस्लाइ भुक्तानी दिइएको हो स्पस्ट नभएकोले प्रमाण कागजात पेश गर्नु पर्ने रू | २३७४९९.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०८. | १०२,२०७७/०२/२८ ड्राइभर श्री हरीश ऐरलाई ०७७/०२/२२ देखी ऐ २६ गते सम्म गाडि भाडामा लिएको प्रतिदिन रू.५०००।— का दरले २५०००।०० मा १०% बाहालकर कट्टी रु २५००.०० गरी बाँकी रु २२५००।०० भुक्तानी दिएकोमा के? कुन प्रयोजनका लागि भाडामा लिइएको हो? स्पष्ट नभएकोले प्रमाण पेश गर्नु पर्ने रू | २५०००.० |
| १०९. | ५६,२०७७/०२/०६ मष्टा गंगोरी मन्दिर निर्माण उ.स. लाइ रू.१४२२७५।३२भुक्तानी दिनुपर्नेमा रू.१५००००.० बढी भुक्तानी भएकोले वढी भुक्तानी मष्टा गंगोरी मन्दिर निर्माण उ.स. बाट असुल उपर हुनुपर्ने रू. | ७७२५.० |
| ११०. | २३५,२०७७/०३/३० सडक निर्माण धनगढी ४ कैलालीलाई रू.४७२३३८५।२० रकम भुक्तानी गर्दा १३ प्रतिशन vat वापत रू.५४३४५।— भुक्तानी गर्दा ६.५ % VAT रकम आ.रा.का. दाखिला गर्नुपर्नेमा नगरेकोले मु अ कर समायोज भएको प्रमाण पेश गर्नु पर्ने रू | २७१७२.६० |
| १११. | २५०,२०७७/०३/३१ वडा कार्यालय जोड्ने सडक स्तरोन्नति वापत श्री उग्रतारा निर्माण सेवालाइ रू. ४६९५८१।- रकम भुक्तानी सक्कल विल विना नै भुक्तानी गरेको र ६.५ % VAT रकम आ.रा.का. दाखिला गर्नुपर्नेमा नगरेकोले मु अ कर समायोज भएको प्रमाण पेश गर्नु पर्ने रू रू. | २७२७२.६० |
| | **ब.उ.शि.नं. ८०७७९५०५५०१ शसर्त** | |
| ११२. | ९,२०७६/०६/०९ गाडी नं बा १० च ८८३ को जिल्ला कैलाली चुरे गाउँपालिका बस्ने श्री बम बहादुर बोहरालाइ मिति २०७६।०४।०१ देखी २०७६।०५।१० सम्म दैनिक रू.५०००।— का दरले जम्मा रू.३०००००।— भुक्तानी गर्दा गाडी भाडामा लिनुको प्रयोजन नखुलेकोले प्रमाण पेश गर्नु पर्ने रू<br>( कर बाहेक भुक्तानी दिइएको रू.२७००००।-) भुक्तानी दिइएकोमा रू.१ लाख भन्दा माथि ३ वटा अलग अलग दरभाउपत्र हुनुपर्नेमा सो नभएको सम्झौतामा गाडी धनिको दस्तखत नभएको/ ब्लु बुकसमेत संलग्न नरहेकोले नियमित मान्न नसकिने रु ३०००००।— तथा प्रमुख प्रशासकिय अधिकृतको दस्तखत नभइ उपाध्यक्ष श्री इन्दा बोहराको दस्तखत गरेको । | ३०००००.० |
| ११३. | ३७,२०७७/०३/१४ जेवलेखोला गुडगुडे खानेपानी तथा सरसफाइ योजना वडिकेदार ३ घागल योजनाको पे.फ गर्दा अग्रिम आयकर रू. ५११०।— बहाल कर रू. ७७००।— र सासु कर रू. १४३८० गरी जम्मा रू. २७१९० उक्त उ.स. बाट असुल उपर गरी राजश्व दाखिला गर्नुपर्ने | २७१९०.० |
| | **ब.उ.शि.नं. ८०७७१५०५००१** | |
| ११४. | ४२४, २०७७/०३/२९ सडक निर्माणका लागि जम्मा १०००० लिटर इन्धन खरिद गरि ८५४९६१।— खर्च लेखेकोमा प्रतिलिपि लगबुक मात्र संलग्न गरि मल्ल आयल स्टोर धनगढी कैलालीलाइ भुक्तानी दिएकोमा सडक निर्माण सित सम्वन्धित इस्टिमेट कार्यसम्पन्न प्रतिवेदन ठेक्का विल नापि किताव संलग्न गर्नुपर्ने रु | ८५४९६१.० |
| ११५. | ३७९,२०७७/०३/२५ प्रहरी चौकीलाइ विभिन्न विल अनुसार रू.५५७०६ भुक्तानी दिएकोमा अपुग विल पेश गर्नुपर्ने रू | २९१५०.० |
| ११६. | **पेश्की अद्यावधिक विवरण** : आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एंव दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध कार्यालयले उपलब्ध गराएको पेश्की बाँकी विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौंट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्यौंट गर्नुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| विवरण | गत वर्षको पेश्की बाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|
| कर्मचारी पेश्की | ० | ० | ० |
| अन्य पेश्की | २५५९ | ७२३५ | ९७९४ |
| **कुल पेश्की** | **२५५९** | **७२३५** | **९७९४** |

**अनुगमन तथा सम्परीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण गरिएको छ।

| दफा नं | आ.व. | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| ५१ | ०७५/७६ | प्रमाण पेश भएको | २५६६५०८.० |
| ८९ | ०७५/७६ | पेश्की फछ्र्यौट भएको | २०००००.० |
| ६० | ०७५/७६ | प्रमाण पेश भएको | ८७५०.० |
| ४४ | ०७४/७५ | प्रमाण पेश भएको | ८३७५२.० |
| ४२ | ०७४/८५ | असुल भई दाखिला भएको | ६२१८.० |
| | | | २८६५०००.० |

**अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

## बडिकेदार गाउँपालिका सञ्चित कोष विवरण

**अनूसुची १**

**२०७६।७७** (रु हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाडफाड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बडिकेदार गाउँपालिका | डोटी | ० | २४८०७४ | ५१२९३ | ३७८६ | ३०५८ | ३०६२११ | १८२२९६ | ९९३४८ | १२७३८ | २९४३८२ | ११८२९ |

## बेरुजु वर्गकरण( बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनूसुची २**

**२०७६।७७** (रु हजारमा)

| क्र.स | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै | ल | रकम | सै | ल | रकम | सै | ल | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | **जम्मा** |
| १ | बडिकेदार गाउँपालिका | ७४ | ६२ | ४१४२९ | ० | ० | ० | ७४ | ६२ | ४१४२९ | ८८४८ | १४१८६ | ११११६० | ० | ० | ४१४२९ | ० | ७२३५ | ७२३५ |

## अद्यावधिक बेरुजु स्थिति

**अनूसुची ३**

**२०७६।७७** (रु हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष स.प. बाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | बडिकेदार गाउँपालिका | डोटी | ३५७०५ | २८६५ | ३२८४० | ० | ४१४२९ | ७४२६९ |